# श्री सर्वोच्च अदालतमा चढाएको
# निवेदन-पत्र

**विषय : नेपालको संविधानको धारा ४६/१३३ बमोजिम परमादेशको आदेश जारी गरी पाऊँ ।**

दाङ जिल्ला तुलसीपुर उप महानगरपालिका वडा नं. १२ घर भई हाल का.जि.का.म.न.पा.वडा नं.३, महाराजगंज स्थित शिखर ल एशोसियटस् प्रा.लि. का प्रमुख अधिवक्ता अनिल आचार्य को वा. जिल्ला सिन्धुपाल्चोक जलबिरे गा.वि.स. वर्डा न.९ को परिवर्तित बलेफि गा.पा. वर्डा नं. १ निवासि वर्ष ४१ का श्याम बहादुर ढकाल (मो.न.९८५१२७४४९३)....................................१ *निवेदक*

*विरुद्ध*

निर्वाचन आयोग नेपाल, कान्तिपथ, काठमाण्डौ.......................................१

प्रधानमन्त्रि तथा मन्त्री परिषदको कार्यालय, सिंहदरवार, काठमाण्डौ.............१

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाण्डौ..........१

सुनुरी जिल्ला दुहबी न.पा.वडा नं. २ घर भई सुनसरी जिल्ला क्षेत्र नं. ३ बाट नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्यका उम्मेद्वार बिजय कुमार गच्छेदार....१

तनहु जिल्ला साविक रुपाकोट गा.वि.स. वडा नं. ३ को परिवर्तित भानु न.पा. वडा नं. ११ घर भई तनहु जिल्ला क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्यका स्वतन्त्र उम्मेद्वार गोबिन्दराज जोशी.....................................................१

चितवन जिल्ला भरपुर मा.न.पा.वडा नं. १० घर भई चितवन जिल्ला क्षेत्र नं. २ बाट राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधिसभा सदस्यका उम्मेद्वार बिक्रम पाण्डे.............................................................................................१

*प्रत्यार्थी*

जिल्ला रौतहट मौलापुर न.पा. ४ घर भई जिल्ला रौतहट क्षेत्र नं. ३ बाट प्रतिनिधिसभा सदस्यका स्वतन्त्र उम्मेद्धार प्रभु साह...............................१

सिरहा जिल्ला लाहान न.पा. वडा नं. १० घर भई सिरहा जिल्ला क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्यका स्वतन्त्र उम्मेद्धार सरिता गिरी.....................१

सिन्धुपाल्चोक जिल्ला बाह्रविसे न.पा. वडा नं. ३ घर भई सिन्धुपाल्चोक जिल्ला क्षेत्र नं.१(क) बाट नेकपा(ऐमाले) का प्रदेशसभा सदस्यका उम्मेद्धार डी बी तामाङ भन्ने युद्धबिक्रम तामाङ.......................................................१

जिल्ला मनाङ चामे गा.पा. वडा नं. ५ घर भई मनाङ जिल्ला को नेपाली कांग्रेस मनाङका प्रतिनिधिसभा सदस्यका उम्मेद्धार टेक बहादुर गुरुङ...........१

जिल्ला महोत्तरी जलेश्वर न.पा. वडा नं. ९ घर भई महोत्तरी जिल्ला क्षेत्र नं. १ बाट नेकपा (एमाले) का प्रतिनिधिसभा सदस्यका उम्मेद्धार लक्ष्मी महतो......१

जिल्ला धनकुटा तेलिया गा.वि.स. वडा नं. ६ घर भई झापा जिल्ला क्षे.नं. ५ (ख) बाट नेकपा(माओवादी केन्द्र) का प्रदेशसभा सदस्यका उम्मेद्धार गगन भन्ने रेवतराज पुरी मो.नं.९८५२६७०८२८..................................................१

*प्रत्यार्थी*

## मुद्दा : परमादेश ।

म निवेदक सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२ बमोजिम लाग्ने दस्तुर यसै साथ राखि निम्नलिखित व्यहोराको निवदन गर्दछु ।

१) म निवेदक निवेदन खण्डमा उल्लेखित स्थानमा बसोवास गर्दै नेपाल बार काउन्सिल मार्फत अधिवक्ताको प्रमाण पत्र प्राप्त गरी सर्वोच्च अदालतका साथै बिभिन्न अदालतहरुमा अदालती अभ्यासमा अभ्यासरत रहेको छु । म निवेदक देशको संविधान र कानूनले जनतालाई प्रदान गरेका हक, अधिकार र कर्तब्यहरु प्रति सचेत नागरिक हुनुको साथै कानून ब्यवसायि तथा कानूनी क्षेत्रमा काम गर्ने ब्यक्ति भएकोले दिर्घकालिन राष्ट्रिय महत्वमा असर पार्ने यस प्रकृतिका कार्यहरुको बिरुद्धमा रिट निवेदन दर्ता गर्नको लागि हकदैया समेत रहेको छ । देशको बिकास र संबृद्धिको लागि नेपालको संविधान र कानूननले तोकेको नैतिक र चारित्रिक रुपमा निस्कलंकित ब्यक्तिलाई मात्र निर्वाचनमा उम्मेद्धार बन्न पाउने ब्यवस्था गर्नु र आवस्यक कानुनको संसोधन समेत गरी नैतिक रुपमा पतन भएका तथा फौजदारी अभियोग लागेका र फौजदारी अभियोगको सजाय भोगिरहेका ब्यक्तिलाई निर्वाचनमा उम्मेद्धार बन्न नदिने ब्यवस्था गर्नको लागि निर्वाचन आयोग तथा नेपाल सरकारलाई निर्देशनात्मक आदेश दिन अन्य वैकल्पिक र प्रभावकारी

कानुनि उपचारको अभावमा सम्मानित अदालतको शरणमा न्यायका खातिर यो रिट निवेदन लिई उपस्थित भएका छु ।

२) आवधिक निर्वाचन प्रजातान्त्रिक मुलुकको सवैभन्दा सुन्दर पक्ष हो । निर्वाचित भएको नेतृत्वले आफ्नो ५ वर्ष कार्यकालमा गरेका राम्रा नराम्रा कामहरुको मुल्याङ्कन जनताले आफ्नो मताधिकार मार्फत गर्ने माध्यम भनेको आवधिक निर्वाचन नै हो । आवधिक निर्वाचनको निरन्तरताले निर्वाचित नेतृत्वलाई स्वच्छाचारी हुनवाट नियन्त्रण गर्दछ । आगामि मंसिर, ४ गते प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन एकै चरणमा सम्पन्न गर्ने गरी मिति घोषणा भए पश्चात देशमा निर्वचनको माहोल तातेको छ । नेपालि कांग्रेसले नेतृत्व गरेको गठवन्धन र नेकपा(एमाले)ले नेतृत्व गरेको राजनैतिक गठवन्धन तथा स्वतन्त्र उम्मेद्धारहरुले निर्वाचन आयोगमा आ-आफ्नो नेतृत्व पल्लाभारी बनाउने उद्देश्यले बाजागाजा सहित देशैभर उम्मेद्धारी दर्ता गराउदै गर्दा जनतामा भने कुनै उत्साह देखिदैन । भ्रष्टाचारको आरोपमा बिशेष अदालत तथा सर्वोच्च अदालतमा भ्रष्टाचारको मुद्दा खेपि रहेका, जन्मकैदको आरोपमा कारागारमा थुनामा रहेका, ज्यान मार्ने उद्योगमा प्रहरीको फरार सूचिमा रहेका, ब्यक्ति हत्या आरोपको मुद्दामा मुछिएका, नेपालको नक्सामा समेटिएको भूभाग भारतको रहेको भनि राष्ट्रको अखण्डता बिरुद्ध संसदमा बिबादित अभिब्यक्ति दिएकोले संसदबाट बर्खास्तिमा परेका, ३० बिघा सरकारी जग्गा खाएको मुद्दा खेपि रहेका, गुण्डागर्दि तथा ब्यक्ति अपहरणको छवि बनाएका ब्यक्तिले बाजागाजा सहित उम्मेद्धारीको मनोनयन दर्ता गरेकोले निर्वाचन आयोग, राजनैतिक दल र दलका नेता तथा नेतृत्व प्रति आम जनताको अविस्वास, बितृष्णा र घृणा फैलिएको ब्यहोरा देशैभर देख्न, पढन र सुन्न पाईन्छ ।

३) **कैदी, भ्रष्टाचार अभियुक्त र फरार पनि उम्मेदवार :** आसन्न निर्वाचनमा भाग लिन सजाय भुक्तान गरिरहेका, फरार व्यक्तिले वारेसमार्फत र अन्यले आफैं निर्वाचन अधिकृतको कार्यालय पुगेर प्रतिनिधि र प्रदेशसभातर्फ प्रत्यक्षमा विभिन्न जिल्लाबाट उम्मेदवारी दिएका छन। यसरी उम्मेदवारी दिनेमा पूर्वउपप्रधानमन्त्री देखि पार्टीका स्थानीय नेतासम्म छन। सत्तारूढ कांग्रेसले भ्रष्टाचार आरोपमा विशेष अदालतमा मुद्दा खेपिरहेका नेता तथा पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारलाई सुनसरी-३ र अर्का नेता तथा पूर्वमन्त्री टेकबहादुर गुरुङलाई मनाङबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनाएको छ। दुवैले आ-आफ्नो निर्वाचन क्षेत्र पुगेर आइतबार मनोनयन दर्ता गराएका छन।

भ्रष्टाचार आरोपमा सर्वोच्च अदालतमा मुद्दा खेपिरहेका कांग्रेसका पूर्वसहमहामन्त्री तथा पूर्वगृहमन्त्री गोविन्दराज जोशीले तनहुँ-१ बाट प्रतिनिधिसभा सदस्यका लागि स्वतन्त्रबाट प्रत्यक्षमा उम्मेदवारी दिएका छन। व्यक्ति हत्या (टीकापुर) घटनामा अदालतबाट

जन्मकैदको सजाय तोकिएर हाल डिल्लीबजार कारागारमा रहेका नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रेशमलाल चौधरीले बर्दिया-२ बाट वारेसमार्फत र जन्मकैदकै सजाय तोकिएका अर्का दोषी लक्ष्मण थारूले कैलाली-३ बाट प्रत्यक्षतर्फ उम्मेदवारी दिएका छन्।
ज्यान मार्ने उद्योगमा प्रहरीको फरार सूचीमा रहेका एमाले सिन्धुपाल्चोकका नेता डीबी तामाङ भनिने युद्धविक्रम तामाङले सिन्धुपाल्चोक-१(क) बाट प्रदेशसभाका लागि वारेसमार्फत प्रत्यक्षतर्फ उम्मेदवारी दर्ता गराएका छन्। २०७९ वैशाख ३० मा कांग्रेस कार्यकर्तामाथि सांघातिक आक्रमण गरेको कसुरमा उनी फरार छन्। आक्रमणमा संलग्न उनीसहित ६ जनालाई प्रहरीले फरार सूचीमा राखेर अदालतमा मुद्दा दायर गरेको थियो।
सशस्त्र प्रहरीका सहायक निरीक्षक (असई) थमन विकको हत्यामा मुछिएका लक्ष्मी महतोले महोत्तरी-१ बाट प्रतिनिधिसभामा उम्मेदवारी दिएका छन्। उनी आइतबार बिहान जनता समाजवादी पार्टी परित्याग गरी एमालेमा प्रवेश गरेका थिए। लगत्तै उनले वारेसमार्फत उम्मेदवारी दर्ता गराएका हुन्। मधेस आन्दोलनमा सशस्त्र प्रहरीका असई विक हत्या प्रकरणका अभियुक्त महतोले वारेस मिथिलेशप्रसाद यादवमार्फत मनोनयन दर्ता गराएका छन्।
विभिन्न जिल्लाबाट प्रतिनिधि र प्रदेशसभा सदस्यमा अरू दर्जनौं विवादित र आरोपित व्यक्तिले उम्मेदवारी दर्ता गराएको सुरक्षा स्रोतले जनाएको छ। गुन्डा नाइकेदेखि भ्रष्टाचार, व्यक्ति हत्या, यौन दुराचारदेखि देशविरुद्ध नै अभिव्यक्ति दिएकासम्मले दल र स्वतन्त्रबाट प्रतिनिधि र प्रदेशसभाको प्रत्यक्षतर्फ उम्मेदवारी दिएका छन्। पूर्वमन्त्री प्रभु साह माओवादी हुँदै पछिल्लो समय एमालेबाट राजनीतिमा सक्रिय छन्। पर्सामा विश्व हिन्दु युवा संघका अध्यक्ष काशी तिवारी हत्या आरोपमा मुछिएका उनलाई तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले महान्यायाधिवक्तामार्फत मुद्दा चल्नै नदिई उन्मुक्ति दिएका थिए। उनीविरुद्ध पर्सा प्रहरीले तयार पारेको अनुसन्धान प्रतिवेदन अहिले पनि जिल्ला सरकारी वकिलको कार्यालयमा विचाराधीन छ। एमाले नेता रहेका उनले आइतबार रौतहट-३ बाट स्वतन्त्रमा उम्मेदवारी दिएका छन्। भारतीय अतिक्रमणमा परेका कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर प्रकाशित नेपालको राजनीतिक तथा प्रशासनिक नक्सा समावेश गर्न संविधान संशोधन गर्दा तत्कालीन प्रतिनिधिसभा सदस्य सरिता गिरीले नक्सामा समेटिएको भूभाग भारतीयको भन्दै विवादित अभिव्यक्ति दिएकी थिइन्। उनलाई तत्कालीन संघीय समाजवादी पार्टीले २०७६ असारमा सांसदबाट बर्खास्त गरेको थियो। त्यसपछि पार्टीबाट अलग भएकी उनले आइतबार सिरहा-१ बाट प्रत्यक्षतर्फ राष्ट्रिय झन्डा ओढेर निर्वाचन अधिकृतको कार्यालय पुगी स्वतन्त्र उम्मेदवारी दिएकी छन्।

सिक्टा सिँचाइ आयोजनामा भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७५ मंसिर २१ मा पूर्वमन्त्री तथा राप्रपा नेता विक्रम पाण्डेसहित २१ जनाविरुद्ध साढे ८ अर्ब बढी बिगो, त्यति नै जरिवाना तथा २ वर्ष कैद सजाय मागदाबीसहित विशेष अदालतमा मुद्दा दायर गरेको थियो। तीन वर्षपछि गत असार ५ मा आरोपित सबैलाई अदालतले सफाइ दियो। उक्त फैसलाविरुद्ध पुनरावेदन लिएर आयोग सर्वोच्च जाने तयारीमा छ। यता पाण्डेले मंसिर ४ मा हुने प्रतिनिधिसभा निर्वाचनमा राप्रपाका तर्फबाट चितवन-३ मा उम्मेदवारी दिएका छन। विशेषबाट सफाइ पाएर उम्मेदवारी दिँदा कानुनी रूपमा कुनै प्रश्न नभए पनि भ्रष्टाचार जस्तो नैतिक पतन देखिने मुद्दाको अन्तिम किनारा नलाग्दै राप्रपाले उनलाई नै उम्मेदवार बनाएको छ। ( कान्तिपुर अनलाईन, २४ असोज २०७९)

४. **३० बिगाहा सरकारी जग्गा खाएको मुद्दा खेपिरहेका गगन पुरी माओवादीबाट उम्मेदवार १२ करोड १३ लाख ६२ हजार रुपैयाँ बिगोमा पुरीका परिवारै मुद्दामा (अनुसन्धान प्रतिवेदनसहित)** : ३० बिगाहा सरकारी जग्गा खाइमासेको आरोप लागेका नेतालाई नेकपा माओवादी केन्द्रले उम्मेदवार बनाएको छ । झापा क्षेत्र नम्बर ५(ख) बाट प्रदेशसभाका लागि रेवतराज पुरी 'गगन' लाई माओवादीले उम्मेदवार बनाएको हो । स्थानीय कमिटी बाट सिफारिसमा परेका पुरीलाई आधिकारिक रुपमा पार्टीले उम्मेदवार बनाएको हो । पुरी माओवादी अध्यक्ष पुष्पकमल दाहालनिकट मानिन्छन । उनीविरूद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सवा १२ करोड बिगो माग गर्दै विशेष अदालतमा २०७७ साल माघमा मुद्दा दायर गरेको थियो । पुरीसँगै विभागले उनकी श्रीमती केशावती, दिदी मनमाया, नातेदार देवकुमार र संगीता पुरीविरूद्ध पनि मुद्दा दायर गरेको थियो । विभागका अनुसार पुरीकी श्रीमती केशावतीको नाममा रहेको ११ हजार ८४६ वर्गमिटर जग्गा, दुई वटा घर, बा १५ च ७०७६ नम्बरको गाडी, देवकुमारको नाममा रहेको ३९१ वर्गमिटर जग्गा, उनको नामको घर, संगीता र कृष्ण कुमार पुरीको नाममा रहेको बिर्तामोडको ३५९३।५२ वर्गमिटर जग्गा जफत गर्न माग गरिएको थियो ।

सरकारी जग्गा आफ्नो नाममा ल्याएर बेचेको अभियोग लागेका पुरीमाथि विभागले १२ करोड १३ लाख ६२ हजार रुपैयाँ बिगो माग्दै विशेष अदालतमा मुद्दा दायर गरेको थियो । उक्त मुद्दा विचाराधीन भएको अवस्थामै पुरीलाई टिकट दिएर माओवादीले पुरस्कृत गरेको हो । (नवपथ अनलाईन, २४ असोज २०७९)

५. **हत्या अभियोगका फरार अभियुक्त पनि एमालेबाट उम्मेदवार** : हत्या अभियोगमा फरार सूचीमा रहेका लक्ष्मी महतोले महोत्तरी क्षेत्र नम्बर १ मा मनोनयन दर्ता गराएका छन । आइतबार जसपा परित्याग गरी एमाले प्रवेश गरेलगत्तै उनले प्रतिनिधिसभाका लागि

मनोनयन दर्ता गराएका हुन । महतोले आफ्ना प्रतिनिधि तथा कार्यकर्ता मिथिलेश साहमार्फत क्षेत्र नं.१ स्थित निर्वाचन अधिकृतको कार्यालय पुगेर मनोनयन दर्ता गराए । मधेस आन्दोलनमा नेपाल प्रहरीका असई थमन विकलाई हत्या गर्ने मुख्य योजनाकारको रूपमा वारेन्ट जारी भएका महतो फरार अभियुक्त हुन । (आर्थिक न्युज अनलाईन, २४ असोज २०७९)

६. **फरार सूचीमा रहेका थरुहट नेता लक्ष्मण थारुद्वारा वारेसमार्फत उम्मेदवारी दर्ता** : अदालतको फरार सूचीमा रहेका थरुहट नेता लक्ष्मण थारूले वारेसनामा मार्फत उम्मेदवारी दर्ता गराएका छन । मुख्य निर्वाचन अधिकृतको कार्यालय धनगढीमा उनले आइतबार वारेसनामामार्फत उम्मेदवारी दर्ता गराएका हुन । कैलाली निर्वाचन क्षेत्र नं. ५ प्रतिनिधि सभा सदस्यको लागि उम्मेदवारी दिएका उनले धनगढीका स्थानीय बुन्दीलाल चौधरीमार्फत उम्मेदवारी दर्ता गराएका हुन । उनी नागरिक उन्मुक्ति पार्टीबाट चुनाव लड्न लागेका हुन । टीकापुर घटना मुद्दामा जिल्ला अदालत कैलाली र उच्च अदालत दिपायलबाट दोषी करार गरिएका उनी अदालतको फरार सूचीमा छन । हाल टीकापुर घटनाको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा उनले उम्मेदवारी दिएका छन । (न्यूज अखबार अनलाईन, २३ असोज २०७९)

७. नेपालको संबिधानको भाग ८ मा संघीय व्यवस्थापिका संम्वन्धि ब्यवस्था गरिएको छ । धारा ८७(ग) मा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाए नपाएको, (घ) कुनै लाभको पदमा बहाल नरहेको ब्यक्ति मात्र संघीय संसद बन्न पाउने संवैधानिक ब्यवस्था रहेको छ । राजनैतिक दल सम्वन्धि ऐन, २०७३ को दफा १४. दलको सदस्यता : (१) विधान बमोजिम अधिकार प्राप्त अधिकारीले दलको सदस्यता नविकरण गर्न सक्नेछ । (२) उपदफा (१) बमोजिम सदस्यता नविरण गर्दा देहायको योग्यता पुगेको नेपाली नागरिकलाई नविरण गर्नुपनेछः - (क) अठार वर्ष उमेर परा भएको, (ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति सुद्धीकरण, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा कैदको सजाय नपाएको ब्यक्ति मात्र दलको सदस्य बन्न पाउने कानूनी ब्यवस्था रहेको छ । त्यसैगरी नेकपा(एमाले) को बिधान, २०४९ को धारा ४ मा पार्टी सदस्यता सम्वन्धि ब्यवस्था गरिएको छ । ऐ. बिधानको उपधारा २. नैतिकवान्, स्वच्छ चरित्र र असल चालचलन भएको । उपधार ४. नैतिक पतन देखिने अभियोगमा सजाय पाएकोमा बाहेक अन्य फौजदारी कसुरमा सजाय भुक्तान गरेको ६ महिना भन्दा बढी अवधि पुरा गरेको ब्यक्ति मात्र दलको सदस्य बन्न पाउने कानूनी ब्यवस्था रहेको र दलको सदस्य मात्र पार्टीको तर्फबाट निर्वाचनमा उम्मेदवार बन्न पाउने कानूनी ब्यवस्था भएकोले नैतिकवान्, स्वच्छ चरित्र र असल चालचलन भएका बाहेक अन्य नैतिक पतन

देखिने तथा फौजदारी कसुरमा सजाय पाएका उम्मेदवारको उम्मेदवारी बदर गरिपाउन सम्मानित अदालतमा निवेदन पेश गरेको छु ।

८) प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को परिच्छेद-५ को दफा १३. उम्मेदवारको अयोग्यता : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ :- (क) दफा १२ बमोजिमको योग्यता नभएको, (ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको, (ग) निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको, (घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको, (ङ) सङ्गठित अपराध सम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तब्य ज्यान सम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको, (च) जातीय भेदभाव तथा छुवाछूत, बोक्सा बोक्सी वा बहुविवाह सम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको, (छ) खण्ड (घ) र (ङ) मा उल्लिखित कसूर बाहेक अन्य कसूरमा पाँच वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको, (ज) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेकोमा सो अवधिभर, (झ) कैदमा बसेकोमा कैद बसेको अवधिभर, (ञ) मानसिक सन्तुलन ठीक नभएको व्यक्ति उम्मेद्वार बन्न नपाउने कानूनी ब्यवस्था रहेकोमा त्यसलाई नजरअन्दाज गर्दै मुख्य राजनैतिक दल तथा स्वतन्त्रबाट उम्मेदवार उम्मेदवारी दर्ता गराएकोले देशको कानूनी ब्यवस्था र जनता प्रति गम्भिर अपमान भएकोले त्यस्ता उम्मेदवारको उम्मेदवारी बदर गरी नैतिकवान्, स्वच्छ चरित्र र असल चालचलन भएका बाहेक अन्य व्यक्तिले उम्मेदवारी दर्ता गर्न नपाउने ब्यवस्था गरिपाउन यो निवेदन लिई सम्मानित अदालतमा उपस्थित भएको छु ।

९) अतः माथि उल्लेखित आधार कारणहरु एवं नेपालको संबिधानको धारा ८७, ९०, राजनैतिक दल सम्वन्धि ऐन, २०७३ को दफा १४, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ तथा नेकपा(एमाले) को बिधान, २०४९ को धारा ४ समेतको व्यवस्था बमोजिम नैतिकवान्, स्वच्छ चरित्र र असल चालचलन भएका व्यक्ति बाहेक अन्य नैतिक पतन देखिने तथा फौजदारी कसुरमा सजाय पाएका व्यक्तिहरु निर्वाचनमा

उम्मेदवार बन्न नपाउने कानूनी ब्यवस्था रहेको र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ (ग),(घ),(ङ) ले नैतिक पतन देखिने तथा फौजदारी कसुरमा सजाय पाएका ब्यक्तिलाई समेत उम्मेदवार बनाउन मिल्ने खालको आसय रहेकोले सोहि बमोजिम उम्मेदवारी समेत दर्ता गरेकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ (ग),(घ),(ङ) को कानूनी व्यवस्थामा आबश्यक संशोधन गरी नैतिकवान्, स्वच्छ चरित्र र असल चालचलन भएका ब्यक्ति बाहेक अन्य ब्यक्तिले निर्वाचनमा उम्मेदवारी दर्ता गर्न नपाउने कानूनी व्यवस्था गर्नु भनि बिपक्षीहरुको नाममा परमादेश लगायत अन्य उपयुक्त आदेश जारी गरीपाउँ । साथै प्रस्तुत विषयमा तत्काल अन्तरिम आदेश जारी नगरेको अवस्थामा विपक्षीहरुले प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्यको उम्मेदवार बनि निर्वाचनमा भाग लिन पाउने भएकोले देश र जनताको भावना तथा भविष्य माथि शक्ति सन्तुलनको रोहमा हुने अपुरणीय क्षतिलाई न्युनिकरण गर्नको लागि विपक्षीहरुको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश समेत जारी गरीपाऊ ।

१०) प्रस्तुत निवेदन दर्ता गर्न हाल कानून व्यवसायी नियुक्त गरेको छैन । पछि मेरो तर्फबाट नियुक्त हुने कानून व्यवसायीको बहस जिकिरलाई यसै निवेदन पत्रको अभिन्न अंग मानी पाउँ ।

११) प्रमाणः

- क) नागरिकताको प्रतिलिपि थान १
- ख) कानून ब्यवसायी प्रमाण पत्रको प्रतिलिपि थान १
- ग) बिभिन्न पत्रिकामा आएका समाचारहरुको प्रतिलिपि थान

१२) लेखिएको व्यहोरा ठिक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

अधिवक्ता अनिल आचार्यको वा.

श्याम बहादुर ढकाल

इति सम्वत २०७९ साल असोज महिना २६ गते रोज ४ शुभम् .....................................।

**श्री सर्वोच्च अदालतमा चढाएको**

**सारसंक्षेप**

**विषय : नेपालको संविधानको धारा ४६/१३३ बमोजिम परमादेशको आदेश जारी गरी पाउँ ।**

दाङ जिल्ला तुलसीपुर उप महानगरपालिका वडा नं. १२ घर भई हाल का.जि.का.म.न.पा.वडा नं.३, महाराजगंज स्थित शिखर ल एशोसियटस् प्रा.लि. का प्रमुख अधिवक्ता अनिल आचार्य को वा. जिल्ला सिन्धुपाल्चोक जलबिरे गा.वि.स. वर्डा न.९ को परिवर्तित बलेफि गा.पा. वर्डा नं. १ निवासि वर्ष ४१ का श्याम बहादुर ढकाल (मो.न.९८५१२७४४९३)..................................१ ***सारसंक्षेप प्रस्तुतकर्ता***

***विरुद्ध***

निर्वाचन आयोग नेपाल, कान्तिपथ, काठमाण्डौ समेत..................................१ ***विपक्षी***

**मुद्दा : परमादेश ।**

म निवेदक निम्नलिखित व्यहोराको सारसंक्षेप प्रस्तुत गर्दछु ।

१) **विवादको संक्षिप्त व्यहोरा :** म निवेदक निवेदन खण्डमा उल्लेखित स्थानमा बसोवास गर्दै नेपाल बार काउन्सिल मार्फत अधिवक्ताको प्रमाण पत्र प्राप्त गरी सर्वोच्च अदालतका साथै बिभिन्न अदालतहरुमा अदालती अभ्यासमा अभ्यासरत रहेको छु । म निवेदक देशको संविधान र कानूनले जनतालाई प्रदान गरेका हक, अधिकार र कर्तब्यहरु प्रति सचेत नागरिक हुनुको साथै कानून ब्यवसायि तथा कानूनी क्षेत्रमा काम गर्ने ब्यक्ति भएकोले दिर्घकालिन राष्ट्रिय महत्वमा असर पार्ने यस प्रकृतिका कार्यहरुको बिरुद्धमा रिट निवेदन दर्ता गर्नको लागि हकदैया समेत रहेको छ । देशको बिकास र संबृद्धिको लागि नेपालको संविधान र कानूननले तोकेको नैतिक र चारित्रिक रुपमा निस्कलंकित ब्यक्तिलाई मात्र निर्वाचनमा उम्मेद्धार बन्न पाउने ब्यवस्था गर्नु र आवस्यक कानुनको संसोधन समेत गरी नैतिक रुपमा पतन भएका तथा फौजदारी अभियोग लागेका र फौजदारी अभियोगको सजाय भोगिरहेका ब्यक्तिलाई निर्वाचनमा उम्मेद्धार बन्न नदिने ब्यवस्था गर्नको लागि निर्वाचन आयोग तथा नेपाल सरकारलाई निर्देशनात्मक आदेश दिन अन्य वैकल्पिक र प्रभावकारी कानुनि उपचारको अभावमा सम्मानित अदालतको शरणमा न्यायका खातिर यो रिट निवेदन लिई उपस्थित भएका छु ।

२)	**संवैधानिक तथा कानूनी प्रश्न :** नेपालको संबिधानको धारा ८७, ९०, राजनैतिक दल सम्वन्धि ऐन, २०७३ को दफा १४, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ तथा नेकपा(एमाले) को बिधान, २०४९ को धारा ४ समेतको ब्याख्याको प्रश्न ।

३)	**माग गरेको उपचारः** अतः माथि उल्लेखित आधार कारणहरु एवं नेपालको संबिधानको धारा ८७, ९०, राजनैतिक दल सम्वन्धि ऐन, २०७३ को दफा १४, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ तथा नेकपा(एमाले) को बिधान, २०४९ को धारा ४ समेतको व्यवस्था बमोजिम नैतिकवान्, स्वच्छ चरित्र र असल चालचलन भएका ब्यक्ति बाहेक अन्य नैतिक पतन देखिने तथा फौजदारी कसुरमा सजाय पाएका ब्यक्तिहरु निर्वाचनमा उम्मेदवार बन्न नपाउने कानूनी ब्यवस्था रहेको र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ (ग),(घ),(ङ) ले नैतिक पतन देखिने तथा फौजदारी कसुरमा सजाय पाएका ब्यक्तिलाई समेत उम्मेदवार बनाउन मिल्ने खालको आसय रहेकोले सोहि बमोजिम उम्मेदवारी समेत दर्ता गरेकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ (ग),(घ),(ङ) को कानूनी ब्यवस्थामा आबश्यक संशोधन गरी नैतिकवान्, स्वच्छ चरित्र र असल चालचलन भएका ब्यक्ति बाहेक अन्य ब्यक्तिले निर्वाचनमा उम्मेदवारी दर्ता गर्न नपाउने कानूनी व्यवस्था गर्नु भनि बिपक्षीहरुको नाममा परमादेश लगायत अन्य उपयुक्त आदेश जारी गरीपाउँ । साथै प्रस्तुत विषयमा तत्काल अन्तरिम आदेश जारी नगरेको अवस्थामा विपक्षीहरुले प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्यको उम्मेदवार बनि निर्वाचनमा भाग लिन पाउने भएकोले देश र जनताको भावना तथा भविष्य माथि शक्ति सन्तुलनको रोहमा हुने अपुरणीय क्षतिलाई न्युनिकरण गर्नको लागि विपक्षीहरुको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश समेत जारी गरीपाऊ ।

सारसंक्षेप प्रस्तुतकर्ता
निज अधिवक्ता अनिल आचार्यको वा.
श्याम बहादुर ढकाल

इति सम्वत २०७९ साल असोज महिना.........गते रोज.........शुभम् .................................।

लिखितम् निर्वाचन आयोग नेपाल, कान्तिपथ, काठमाण्डौ समेत सँगको परमादेश मुद्दा सम्मानित सर्वोच्च अदालतमा दर्ता भई बिचाराधिन अवस्थामा रहेकोले उक्त परमादेश मुद्दामा तारेखमा रही मुद्दाको पूर्पक्ष गर्नलाई असमर्थ रहेकोले मेरो सट्टामा जिल्ला सिन्धुपाल्चोक जलबिरे गा.वि.स. वर्डा न.९ निवासि वर्ष ४० का श्याम बहादुर ढकाल ( ना.प्र.न.१७६४२ / १०१९९९, जारी मिति २०५७/८/२९) लाई अख्तियारिनामा दिइ वारेस नियुक्त गरेको छु । निज वारेस कानून बमोजिम वारेस हुन योग्य हुनुहुन्छ । मैले अदालतबाट कानून बमोजिम लागेको दण्ड, जरिवाना, अदालती शुल्क, सरकारी विगो वा कुनै दस्तुर तिर्न बाँकी रहेको छैन । माथि लेखिएको व्यहोरा ठिक साँचो छ, झुट्टा ठहरेमा यो अख्तियारिनामा बदर गरी कानून बमोजिम भएमा मेरा मञ्जुरी छ ।
मितिः २०७९ । ०६ । २३ ।

अनिल आचार्य
दाङ जिल्ला तुलसीपुर उप महानगरपालिका वडा नं.१२

माथि उल्लेख भए बमोजिम घनश्याम उपाध्यायको नाति ईन्द्रमणी आचार्यको छोरा दाङ जिल्ला तुलसीपुर उप महानगरपालिका वडा नं.१२ मा स्थायी ठेगाना भई हाल जिल्ला भक्तपुर चाँगुनारायण नगरपालिका वडा नं.२ निवासी वर्ष ३८ का अनिल आचार्य (ना.प्र.न.१६३२६, जि.प्र.का.दाङ, जारी मितिः२०५८/८/१३) को वारेस भई काम गर्न मलाई मञ्जुर छ । सो काम म इमान्दारीपूर्वक गर्नेछु । मैले अदालतबाट कानून बमोजिम लागेको दण्ड, जरिवाना, अदालती शुल्क, सरकारी विगो वा कुनै दस्तुर तिर्न बाँकी रहेको छैन । म वारेस हुन कानून बमोजिम योग्य रहेको छु ।
मितिः २०७९ । ०६ । २३ ।

श्याम बहादुर ढकाल
बलेफि गा.पा. वर्डा नं.-०१

साक्षीहरु
यो अख्तियारनामा हाम्रो रोहवरमा लेखी सहीछाप भएको साँचो हो ।

१) जिल्ला काभ्रेपलान्चोक साथिघर भगवति गा.वि.स. वर्डा नं.७ को परिवर्तित पाचखाल नं. पा. वर्डा नं. ९ बस्ने वर्ष ३९ का शिव प्रशाद पौडयाल ( ना.प्र.न. ९४६२० जारी मिति २०५७/०८/११)....................................१
२) जिल्ला सिन्धुपाल्चोक जलबिरे गा.वि.स. वर्डा न.९ निवासि वर्ष ३८ का श्याम बहादुर ढकाल (ना.प्र.न.१७६४२/१०१९९९ जारी मिति २०५७/८/२९)......१
३) लेखक अधिवक्ता श्री अनिल आचार्य (प्र.प.नं. १६३२६) यो अख्तियारनामा का.म.न.पा. वडा नं. मा लेखिएको हो ।

मितिः २०७९ । ०६ । २३ ।